# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, पौष ३ गते, २०८१ साल (संख्या १३

## भाग-३

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

### कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण, प्रसारण तथा प्रकाशन गर्ने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "महाशाखा" भन्नाले मन्त्रालयको सञ्चार महाशाखा सम्झनु पर्छ।

(घ) "विज्ञापन" भन्नाले मन्त्रालयले सञ्चार माध्यमलाई यस कार्यविधि बमोजिम प्रकाशन तथा प्रसारण गर्न दिएको चेतनामूलक, सूचनामूलक, जानकारीमूलक सूचना एवं सन्देश सम्झनु पर्छ।

(ङ) "विज्ञापनको रकम" भन्नाले खण्ड (घ) बमोजिमको विज्ञापन प्रकाशन तथा प्रसारण गरे बापत सञ्चार माध्यमलाई दिइने रकम सम्झनु पर्छ।

(च) "सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम कर्णाली प्रदेशमा मुख्य कार्यालय रहने भनी दर्ता भई कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका टेलिभिजन (स्याटलाइट बाहेक), रेडियो नेपाल, एफ.एम. रेडियो, कर्णाली प्रदेशबाट प्रकाशित छापामाध्यमका पत्रपत्रिका र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सूचना तथा प्रसारण विभागबाट दर्ता प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चार माध्यम सम्झनु पर्छ र सो शब्दले कर्णाली प्रदेशमा कार्यक्षेत्र भई सञ्चालनमा रहेको नेपाल टेलिभिजन र

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विज्ञापन प्रकाशन तथा प्रसारण गर्न अनुमति पाएका सञ्चार माध्यमलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

३. **सूचना प्रकाशन तथा निवेदन दर्ताः** (१) मन्त्रालयले विज्ञापन वितरणका लागि स्थानीय सञ्चार माध्यम, मन्त्रालयको सूचना पाटी र वेबसाइटमा समेत प्रकाशन प्रसारण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापन प्रकाशन तथा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले मन्त्रालयले तोकेको बैंक खातामा अनुसूची-१ बमोजिमको शुल्क दाखिला गरेको भौचर संलग्न राखी अनुसूची-२ बमोजिमको निवेदन सहित अनुसूची-३ बमोजिम स्वःघोषणा गरी मन्त्रालयको विद्युतीय प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

(३) उपदफा (२) र (३) बमोजिम सञ्चार माध्यमले पेश गरेको निवेदन सहितका कागजात जाँच गरी मन्त्रालयले सम्बन्धित सञ्चार माध्यमलाई निवेदन दर्ता भएको जानकारी गराउनेछ।

(४) उपदफा (४) बमोजिम जाँच गर्दा निवेदन दर्ता हुन नसक्ने देखिएमा कारण सहित मन्त्रालयले सम्बन्धित सञ्चार माध्यमलाई जानकारी गराउनेछ।

४. **निर्देशक समितिः** (१) सञ्चार माध्यमको समन्वय, वर्गीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(ग) हुलाक निर्देशनालय, सुर्खेत, अधिकृत प्रतिनिधि -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक कार्यालयको, अधिकृत प्रतिनिधि -सदस्य

(ङ) नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेशको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(च) संयोजकले तोकेको सम्बन्धित विषयविज्ञ (एक जना) -सदस्य

(छ) प्रमुख, सञ्चार शाखा, मन्त्रालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको सचिवालयको काम महाशाखाले गर्नेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त निवेदन मध्ये शर्त पूरा गरेका सञ्चार माध्यमलाई विज्ञापन प्रकाशन तथा प्रसारणको लागि स्वीकृति प्रदान गर्ने,

(ख) विज्ञापनको छनौट, प्रकाशन तथा प्रसारण तालिका र समय निर्धारण गर्ने,

(ग) विज्ञापन वितरण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमको वर्गीकरण गरी स्वीकृत गर्ने,

(घ) विज्ञापन प्रकाशन तथा प्रसारणको अनुमति पाएका सञ्चार माध्यमले प्रदेश सरकारले उपलब्ध गराएका विज्ञापन प्रकाशन तथा प्रसारण गरे, नगरेको सम्बन्धमा अनुगमन गर्ने गराउने,

(ङ) विज्ञापन प्रकाशन तथा प्रसारणको सम्बन्धमा सञ्चार माध्यमलाई आवश्यक निर्देशन दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) विज्ञापनको प्रभावकारिता तथा पृष्ठपोषणका सम्बन्धमा आवश्यकता अनुसार अन्तरक्रिया कार्यक्रम सञ्चालन र अनुगमन तथा निरीक्षण गर्ने,

(छ) विज्ञापन वितरणसँग सम्बन्धित आवश्यक अन्य कार्य गर्ने।

(२) समितिले आवश्यकता अनुसार स्थानीय प्रशासन, नेपाल पत्रकार महासंघको जिल्ला शाखासँग समन्वय गरी प्रकाशन तथा प्रसारणको सम्बन्धमा परीक्षण, निरीक्षण तथा सर्वेक्षण गर्न सक्नेछ।

(३) सञ्चार माध्यमको प्राविधिक पक्षको मूल्याङ्कनका लागि समितिले आवश्यकता अनुसार विशेषज्ञको सेवा लिन सक्नेछ।

६. **सञ्चार माध्यमको वर्गीकरण र श्रेणी विभाजनः** (१) दफा ३ बमोजिम दर्ता भएकार दफा ७ बमोजिमका शर्त पूरा गरेका सञ्चार माध्यमको वर्गीकरण र श्रेणी विभाजन समितिले देहाय बमोजिम गर्नेछः-

(क) एफ.एम. रेडियोलाई वाट क्षमताकोआधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(१) २५० वाट सम्म,

(२) २५१ देखि ५०० वाट सम्म,

(३) ५०१ देखि १००० वाट सम्म,

(४) १००१ वाट भन्दा माथि।

(ख) पत्रपत्रिकालाई प्रकाशनको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(१) दैनिक,

(२) अर्धसाप्ताहिक,

(३) साप्ताहिक,

(४) पाक्षिक,

(५) मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक,

(६) अर्धवार्षिक र वार्षिक।

(ग) टेलिभिजन।

(घ) अनलाइन सञ्चार माध्यम।

७. **सञ्चार माध्यमले पालना गर्नुपर्ने शर्त:** सञ्चार माध्यमले वर्गीकरणमा समावेश हुन तथा विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्त पूरा गर्नु पर्नेछः-

(क) बिगत तीन वर्ष भित्र प्रेस काउन्सिल र अदालतबाट सम्बन्धित सञ्चार माध्यमको संस्थापक वा सञ्चालक कारबाहीमा नपरेको,

(ख) प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा अघिल्ला दुई आर्थिक वर्षदेखि नियमित प्रकाशन/प्रसारण गरि कर चुक्ता तथा नवीकरण गरेको प्रमाण पत्र ।

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गरेको,

(घ) सञ्चार माध्यम सम्बन्धी आचार संहिता पालना गरेको,

(ङ) तीस प्रतिशत भन्दा बढी कार्यक्रम रिले प्रसारण नगरेको,

(च) टेलिभिजनको हकमा इजाजत अनुसार प्रसारण गरेको,

(छ) प्रसारण गरिने विज्ञापनको समय तालिका पेश गरेको,

(ज) वर्गीकृत पत्रपत्रिकाको हकमा प्रेस काउन्सिल नेपालबाट अघिल्लो दुई आर्थिक वर्ष वर्गीकरणमा परेको प्रमाणको प्रतिलिपि पेश गरेको,

(झ) सम्झौतामा उल्लेख भएका शर्तको पूर्ण पालना गर्न मञ्जुर भएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

८. **विज्ञापनको विषयवस्तु निर्धारण र प्राथमिकताः** (१) मन्त्रालयले लोककल्याणकारी विज्ञापन तयार गरी प्रकाशन तथा प्रसारणको लागि सञ्चार माध्यमलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बाहेक सञ्चार माध्यम आफैले तयार गरेको विज्ञापन प्रकाशन तथा प्रसारण सक्नेछ।

तर त्यस्तो विज्ञापन प्रकाशन तथा प्रसारण गर्नुअघि स्वीकृतिका लागि महाशाखा समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको विज्ञापन छानविन गरी महाशाखाले विज्ञापन प्रकाशन तथा प्रसारण गर्न स्वीकृति दिन सक्नेछ।

(४) विज्ञापनको विषयवस्तु निर्धारण गर्दा सामाजिक साँस्कृतिक विविधता, विपद् व्यवस्थापन, वातावरण संरक्षण र समयानुकुलका विषयबस्तु समावेश भएको विज्ञापनलाई प्राथमिकता दिइनेछ।

९. **विज्ञापन प्रसारणको मिति, समय तथा आवृत्तिः** (१) सञ्चार माध्यमले विज्ञापन प्रकाशन तथा प्रसारण हुने समयको पूर्व जानकारी समितिलाई उपलब्ध गराउनु पर्नेछ र प्रकाशन तथा प्रसारण सामग्रीको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(२) समितिको निर्णय र निर्देशन बमोजिम सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण गर्ने विज्ञापन र प्रकाशन तथा प्रसारणको मिति, समय र आवृत्ति विवरण उपलव्ध गराउनु पर्नेछ।

(३) प्रकाशन तथा प्रसारण सम्बन्धी विवरणलाई आवश्यकता अनुसार मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गरिनेछ।

१०. **विज्ञापनको अङ्क वा विवरण, आकार र स्थानः** (१) दैनिक पत्रिकाको हकमा प्रत्येक महिनामा कम्तीमा पच्चीस अङ्क प्रकाशित भएको हुनुपर्नेछ। विज्ञापन प्रकाशन गर्दा पहिलो पृष्ठमा विज्ञापन आलोपालो गरी महिनामा पाँच पटक र अन्तिम पृष्ठमा विज्ञापन आलोपालो गरी महिनामा

पाँच पटक कम्तिमा दुई कोलममा ८x१० सी. एम. साइजमा प्रकाशन गर्नुपर्नेछ।

(२) अर्धसाप्ताहिक पत्रपत्रिकाको हकमा प्रत्येक महिनामा कम्तिमा सात अङ्क पत्रिका प्रकाशित भएको हुनुपर्नेछ। प्रत्येक अङ्कमा अन्तिम पृष्ठको दुई कोलममा ८x१० सी.एम. साइजमा फरक-फरक विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(३) साप्ताहिक पत्रपत्रिकाको हकमा प्रत्येक महिनामा कम्तीमा चार अङ्क प्रकाशित भएको हुनुपर्नेछ। प्रत्येक अङ्कमा अन्तिम पृष्ठको दुई कोलममा ८x१० सी.एम. साइजमा फरक-फरक विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(४) पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक र चौमासिक रुपमा प्रकाशन हुने पत्रपत्रिकाले प्रत्येक अङ्कको अन्तिमको पूरा पृष्ठमा फरक फरक विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(५) अर्धवार्षिक र वार्षिक रुपमा प्रकाशन हुने पत्रपत्रिकाले प्रत्येक अङ्कको कुनै एक पूरा पृष्ठमा तोकिएको विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(६) अनलाइन सञ्चार माध्यमको हकमा स्वीकृत विज्ञापन कम्तीमा सात दिन गृह पृष्ठमा, चार दिन सिङ्गल पोष्ट एड (समाचार, लेख, रचनाको पृष्ठ भित्र) र पाँच दिन पपअप एड बनाएर प्रकाशन गर्नुपर्नेछ।

(७) एफ.एम. रेडियो, रेडियो नेपाल र टेलिभिजनको हकमा प्रसारण अवधि र समय तालिका समितिले तोके बमोजिम हुनेछ।

(८) यस कार्यविधि बमोजिम विज्ञापन प्रकाशन गर्ने पत्रपत्रिका मध्ये सुर्खेत जिल्लाबाट प्रकाशित हुने पत्रिकाले हरेक अङ्क मन्त्रालयमा निशुल्क उपलब्ध गराउनु पर्नेछ।

११. <u>**अङ्क छुट दिन सकिने:**</u> सञ्चार माध्यमले प्राकृतिक प्रकोप र लामो सार्वजनिक विदाको कारणबाट दफा १० बमोजिमको अङ्क प्रकाशन तथा प्रसारण गर्न नसकेको पुष्ट्याई पेश गरेको अवस्थामा महाशाखाको सिफारिसमा समितिले केही अङ्क छुट दिई सम्झौता बमोजिमको रकम मन्त्रालयले उपलब्ध गराउन सक्नेछ।

१२. <u>**प्रकाशित सम्पूर्ण अङ्क वा विवरण पेश गर्नुपर्ने:**</u> (१) सुर्खेत जिल्लाबाट प्रकाशन तथा प्रसारण गर्ने सञ्चार माध्यमले अघिल्लो महिनामा गरेको विज्ञापन प्रकाशन तथा प्रसारण भएको सम्पूर्ण अङ्क वा विवरण र विल बिजक समेत प्रत्यक महिनाको सात गते भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका बाहेकका अन्य जिल्लाबाट प्रकाशन तथा प्रसारण गर्ने सञ्चार माध्यमले प्रत्येक महिनाको पन्ध्र गतेभित्र विज्ञापन प्रकाशन तथा प्रसारण भएको सम्पूर्ण अङ्क वा विवरण र विल बिजक समेत मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) आषाढ महिनाको हकमा आषाढको पन्ध्र गते सम्म प्रकाशन तथा प्रसारण भएको विज्ञापनको सम्पूर्ण अङ्क वा विवरण र विल बिजक समेत आषाढ बीस गतेसम्म अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१३. <u>**विज्ञापनको दररेट:**</u> (१) विज्ञापन प्रकाशन तथा प्रसारण गरे वापत भुक्तानी गर्ने रकमको दररेट अनुसूची-४ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको रकम महाशाखाको सिफारिसमा मन्त्रालयले सम्बन्धित सञ्चार माध्यमलाई उपलब्ध गराउनेछ।

१४. <u>**भुक्तानी रोक्का गर्न सक्ने:**</u> सञ्चार माध्यमले विज्ञापन प्रकाशन तथा प्रसारण गरे वापत पाउने भुक्तानी मन्त्रालयले देहायको अवस्थामा रोक्का गर्न सक्नेछः-

(क) यस कार्यविधिको प्रतिकुल हुने गरी कुनै कार्य गरेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) सम्झौतामा उल्लिखित शर्तहरु पालना नगरेमा,

(ग) दफा ७ मा उल्लेख भएका शर्तहरु पालना नगरेमा,

(घ) सम्झौता रकम भन्दा बढी रकम दाबी गरेमा।

**१५. <u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** (१) सञ्चार माध्यमले विज्ञापनको रकम भुक्तानी प्राप्त गर्न दफा १२ बमोजिमको कागजात र विवरण पेश गर्नुपर्नेछ।

(२) विज्ञापन प्रकाशन तथा प्रसारण गरे वापत सञ्चार माध्यमलाई रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

(३) समितिले तोके बमोजिमको संख्यामा सञ्चार माध्यमले विज्ञापन प्रकाशन तथा प्रसारण गरेको नपाइएमा प्रकाशित तथा प्रसारित अङ्क वा विवरणको आधारमा दामासाहीले हुन आउने रकम भुक्तानी गरिनेछ।

(४) सञ्चार माध्यमले एउटै विज्ञापन लगातार प्रकाशन तथा प्रसारणको स्वीकृति पाएको अवस्थामा बाहेक लगातार एक भन्दा बढी पटक प्रकाशन तथा प्रसारण गरेमा एउटा मात्र विज्ञापन प्रकाशन तथा प्रसारण भएको मानी भुक्तानी गरिनेछ।

(५) भुक्तानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१६. <u>सम्झौता गर्नुपर्नेः</u>** विज्ञापन प्रकाशन तथा प्रसारण कार्यको सुनिश्चितताका लागि मन्त्रालयले सञ्चार माध्यमसँग सम्झौता गर्नेछ।

**१७. <u>निर्देशन दिन सक्नेः</u>** यस कार्यविधि बमोजिम बिज्ञापन प्रकाशन तथा प्रशारणको कार्यान्वयनको सम्बन्धमा मन्त्रालयले सञ्चार माध्यमलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन सञ्चार माध्यमले पालना गर्नुपर्नेछ।

१८. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधि बमोजिमको विज्ञापन वितरण सम्बन्धी कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. **<u>खारेजी र बचाऊः</u>** (१) कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८० बमोजिम भएका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**विज्ञापन प्रकाशन तथा प्रसारणका लागि निवेदन दर्ता शुल्क**

| **क.सं.** | **सञ्चार माध्यमको नाम** | **दाखिला गर्नुपर्ने रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | टेलिभिजन | दुई हजार रुपैयाँ | |
| २. | एफ.एम. रेडियो | एक हजार पाँच सय रुपैयाँ | |
| ३. | पत्रपत्रिका | एक हजार रुपैयाँ | |
| ४. | अनलाइन सञ्चार | पाँच सय रुपैयाँ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**विज्ञापन प्रकाशन तथा प्रसारणका लागि पेश गर्ने निवेदनको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत ।

कर्णाली प्रदेशका सञ्चार माध्यमलाई वितरण गरिने कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०७९ को अधीनमा रही मन्त्रालयबाट सञ्चार माध्यमका लागि वितरण हुने विज्ञापन प्रकाशन तथा प्रसारण गर्न देहायको विवरण सहित यो निवेदन पेश गरेको छुः-

(१) संस्थाको नामः

(२) ठेगानाः

(३) सम्पर्क नम्बरः

(४) प्रकाशन तथा प्रशारण हुने सञ्चार माध्यमको विवरणः

(क) सञ्चार माध्यमको नामः

(ख) सञ्चार माध्यमको ठेगानाः

(ग) सम्पादक/स्टेशन म्यानेजर/प्रबन्धकको नामः

(५) <u>पत्रपत्रिका</u>ः

(क) दैनिक, (ख) अर्ध-साप्ताहिक, (ग) साप्ताहिक, (घ) पाक्षिक, (ङ) मासिक, द्वैमासिक, त्रैमासिक र चौमासिक (च) अर्धवार्षिक र वार्षिक।

स्तरः (१) राष्ट्रियस्तर, (२) प्रदेशस्तर, (३) स्थानीयस्तर।

वर्गः (क) वर्ग, (ख) वर्ग, (ग) वर्ग, (घ) वर्ग (ङ) वर्गीकरणमा नपरेको

(६) <u>रेडियो, एफ.एम. रेडियो तथा टेलिभिजनः</u>

(क) वाट क्षमताः

(ख) प्रसारण अवधिः

**<u>संलग्न कागजातहरुः-</u>**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) वर्गिकृत पत्रिकाको हकमा प्रेस काउन्सिल नेपालबाट अघिल्लो वर्ष वर्गीकरणमा परेको प्रमाणको प्रतिलिपि,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा अघिल्ला दुई आर्थिक वर्षदेखि नियमित प्रकाशन प्रसारण गरि कर चुक्ता गरेको प्रमाण पत्र ।

(ज) अनलाइन सञ्चार माध्यमको हकमा कम्पनी रजिष्ट्रार कार्यालय र सूचना तथा प्रसारण विभागमा दर्ता भएको प्रमाणपत्र,

(झ) शुल्क दाखिला गरेको रसिद,

(ञ) विज्ञापन प्रकाशन तथा प्रसारणको समय तालिका,

(ट) अनुसूची-३ बमोजिमको स्वः घोषणा पत्र

(ठ) मन्त्रालयले सूचनामा उल्लेख गरेका अन्य कागजात।

निवेदकः

हस्ताक्षर

नामः

पदः

ठेगानाः

सम्पर्क नंः

इमेलः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

संस्थाको

छापः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**विज्ञापन प्रकाशन तथा प्रसारणका लागि सञ्चार माध्यमले गर्नुपर्ने स्वःघोषणाको ढाँचा**

**स्वघोषणाः**

जिल्ला ....... गा.पा/न.पा. ...... वडा नं. ....... मा मिति ......मा नेपालको प्रचलित कानूनको अधीनमा रही स्थापना भएको ........ स्थापना कालदेखि नै निरन्तर रुपमा प्रकाशन तथा प्रसारण भइरहेको जानकारी गराउँदछु । यस सञ्चार माध्यमले श्रमजीवि पत्रकार सम्बन्धी कानून र अन्य प्रचलित कानूनको पालना गरेको जानकारी गराउँछु। यस सञ्चार माध्यमले "कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१" को अधीनमा रहेर मन्त्रालयसँग गरेको सम्झौताको पूर्ण पालना गरी मन्त्रालयले उपलब्ध गराएको विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। साथै प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई करचुक्ता समेत गरेको जानकारी गराउँदै यस कार्यविधि विपरित गएर कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम हुने सजाय भोग्न यस संस्थाको मन्जुरी छ।

**निवेदकः**

सञ्चालकको नामः

हस्ताक्षरः

ठेगानाः

सम्पर्क नंः

इमेलः

मितिः

संस्थाको छाप

अनुसूची-४

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**विज्ञापनको दररेट (मू.अ.कर सहित)**

(क)रेडियो, एफ.एफ. रेडियो तर्फ (प्रति मिनेट)

| समयको वर्गीकरण | १००१ वाट भन्दा माथि | १००० वाट सम्म (रु.) | ५०० वाट सम्म (रु.) | २५० वाट सम्म (रु.) |
|---|---|---|---|---|
| सुपर प्राइम | ४१२.५० | ३७२.९० | ३५६ | ३३९ |
| प्राइम | २७६.९० | २४८.६० | २३७.५ | २२६ |
| सामान्य | २०९.१० | १८६.५० | १७८.५ | १६९.५० |

(ख)केबुल टेलिभिजन तर्फ (प्रति मिनेट)

| समयको वर्गीकरण | प्रति मिनेट दर रेट (रु.) |
|---|---|
| सुपर प्राइम | १,८१० |
| प्राइम | १,२६५ |
| सामान्य | ९५० |

(ग) पत्रपत्रिका तर्फ (मासिक)

| पत्रपत्रिकाको किसिम | क वर्ग (रु.) | ख वर्ग (रु.) | ग वर्ग (रु.) | घ वर्ग (रु.) | वर्गीकरण नभएको |
|---|---|---|---|---|---|
| दैनिक | ३५,२१९ | २७,६७१ | २२,६४१ | १५,०९४ | १३,००० |
| अर्ध साप्ताहिक | २५,१८८ | २०,६४१ | १२,०९४ | ६,५४७ | ६,१०० |
| साप्ताहिक | २०,१८८ | २०,६४१ | १२,०९४ | ६,५४७ | ६,१०० |
| पाक्षिक | १७,१२५ | १२,०९४ | ८,०६२ | ४,०३१ | ४,७०० |
| मासिक, द्वैमासिक, | १७,१२५ | १२,०९४ | ८,०६२ | ४,०३१ | ४,७०० |

| | | | | | |
|---|---|---|---|---|---|
| त्रैमासिक, चौमासिक | | | | | |
| अर्धवार्षिक, वार्षिक | ३०,२१९ | | | | १०,००० |

(घ) अनलाइन सञ्चार माध्यम तर्फ

मासिक रु. १२,५००/- प्रति सञ्चार माध्यम

निर्णय भएको मितिः २०८१/०८/०१

आज्ञाले,
पुष्प राज शाही
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय